# श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालय
# जंगी अड्डा

## प्राविधिक अमल्दार (कार्यक्रम उत्पादक) पद (खुला) को पाठ्यक्रम

पुर्णाङ्कः १००
उत्तीर्णङ्कः ४०

**समय : ३ घण्टा**

**उद्देश्यहरुः**

यो पाठ्यक्रम नेपाली सेनाको प्रा.अम. (कार्यक्रम उत्पादक) पदको उम्मेदवार छनौट परीक्षाको लागि निर्धारण गरिएको हो । प्राविधिक अमल्दार पदका उम्मेदवार छनौटको लिखित परीक्षामा सरिक हुने उम्मेदवारहरुको पेशा सम्बन्धी विषयलाई आधार मानि प्रश्नहरु सोधिनेछन् ।

(क) लिखित परीक्षाको माध्यम नेपाली/अंग्रेजी भाषा हुनेछ ।
(ख) निम्न पत्रहरुको पाठ्यक्रमको रुपरेखाअनुसार विषयवस्तु हुनेछ ।
(ग) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइने छ ।
(घ) प्रश्न पत्र निर्माण सगर्दा सम्भव भएसम्म पाठ्यक्रममा समावेश भएका सबै विषय समेट्नु पर्नेछ ।
(ङ) नेपाली सेनाको तत्कालीन आवश्यकता तथा विविध परिस्थितिमा नेपाली सेनाको अनुकुल हुने गरी उल्लेखित विवरणहरुमा हेरफेर हुन सक्नेछ ।
(च) पाठ्यक्रम लागू मिति : २०६९/०२/०८ गतेदेखि ।

| **प्रश्नको किसिम** | **प्रश्न संख्या र अंक** | **कैफियत** |
|---|---|---|
| लामो उत्तर दिनु पर्ने प्रश्न | ५ x १० = ५० | |
| छोटो उत्तर दिनुपर्ने प्रश्न | ५ x ५ = २५ | |
| वस्तुगत | २५ x १ = २५ | |

# श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालय
# जंगी अड्डा

## प्राविधिक अमल्दार (कार्यक्रम उत्पादक) पद (खुला) को पाठ्यक्रम

### (१) आम सञ्चार

- सञ्चार
- सञ्चारको विकाससक्रम
- सञ्चारको प्रक्रिया तथा वर्गीकरण
- आम सञ्चार
- आम सञ्चारका प्रकारहरु

### (२) रेडियो कार्यक्रम

- रेडियोको परिचय
- रेडियो स्थापना र इतिहास
- प्रविधिको आधारमा रेडियोका प्रकारहरु (ए.एम., एफ.एम, मिडियम वेभ, सर्ट वेभ)
- कामको आधारमा रेडियोका प्रकारहरु (सामूदायिक, सरकारी, व्यापारिक आदि)
- रेडियो कार्यक्रमका प्रकार

### (३) प्रस्तुतीकरण/उद्घोषण

- प्रभावकारी प्रस्तुतीकरणको लागि आवश्यक सामग्रीहरु
- प्रत्यक्ष उद्घोषण गर्दा ध्यान दिनुपर्ने कुराहरु
- उद्घोषण गर्दा गर्न नहुने कुराहरु
- रेडियो कार्यक्रम उद्घोषण/प्रस्तुति
- टेलिभिजन कार्यक्रम उद्घोषण/प्रस्तुति
- रेडियो उद्घोषक/प्रस्तोताले ध्यान दिनुपर्ने कुराहरु

### (४) माईक्रोफोन सम्बन्धि

- माईक्रोफोनको परिचय
- माईक्रोफोनका प्रकार
- माईक्रोफोन प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

### (५) प्रकाशन तथा प्रशारण पत्रकारिता

- परिचय
- प्रकार

**(६) समाचार**

- परिचय
- समाचारका तत्वहरु
- समाचार संरचना/लेखन
- समाचारका अंगहरु

**(७) स्वर**

- परिचय
- महत्व
- प्रकार
- स्वर सुधार

**(८) प्रविधिगत प्रश्नहरु**

- रेडियो पदावलीहरु
- पत्रकारिता पदावलीहरु
- सामग्री/उपकरणहरु

**(९) पत्रकार आचार संहिता**

- परिचय
- निर्वाह गर्नुपर्ने कर्तव्य
- गर्न नहुने कार्यहरु

**(१०) रिपोर्टिङ्ग**

- परिचय
- रिपोर्टिङ्ग गर्दा ध्यान दिनुपर्ने कुराहरु
- रिपोर्टिङ्गका मोडलहरु
- रिपोर्टिङ्गका नियमहरु
- रिपोर्टिङ्ग कला

# श्री कार्यरथी विभाग भर्ना छनौट निर्देशनालय
# जंगी अड्डा

## प्राविधिक अमल्दार (कार्यक्रम उत्पादक) प्रयोगात्मक परीक्षा पाठ्यक्रम

१) समय : १ घण्टा ३० मिनेट

☞ *(लेखन शैली मुल्याङ्कनको लागि १ घण्टा, प्रस्तुति क्षमता मुल्याङ्कनको लागि २० मिनेट र कम्प्युटर सम्बन्धी व्यवहारिक ज्ञान मुल्याङ्कनको लागि १० मिनेट)*

२) प्रश्न संख्या : ६ (छ)

☞ *(लेखन शैली मुल्याङ्कनको लागि ३, प्रस्तुति क्षमता मुल्याङ्कनको लागि २ र कम्प्युटर सम्बन्धी व्यवहारिक ज्ञान मुल्याङ्कनको लागि १)*

३) पूर्णाङ्क ५०

४. उत्तीर्णाङ्क २५

५) प्रश्न निर्माण, प्रश्न भार र समय वितरण

| सि.नं | विवरण | अङ्क | समय (मिनेटमा) |
|---|---|---|---|
| १ | कार्यक्रम लेखन | ५ | १० |
| २ | कार्यक्रम लेखन | १० | २५ |
| ३ | समाचार लेखन | १० | २५ |
| ४ | कार्यक्रम प्रस्तुति | १० | १५ |
| ५ | अनुच्छेद रेकर्डिङ्ग | १० | ५ |
| ६ | कम्प्युटर परीक्षा | ५ | १० |
| | जम्मा | ५० | १ घण्टा ३० मिनेट |

**प्रश्न नं. १ कार्यक्रमको ढाँचाहरु -जस्तै रेडियो म्यागेजिन, छलफल, अन्तरवार्ता, समाचार, नाटक, रुपक, फोनईन आदि र क्युसिट सम्बन्धी ज्ञान एवं लेखन शैली मुल्याङ्कनबाट प्रश्न सोधिने छ ।**

१. मान्छेलाई केन्द्रविन्दुमा राखेको छ कि छैन ........................................ ०.५ अंक
२. स्क्रिष्ट सकारात्मक छ कि छैन । अथवा कसैलाई आरोप पो लगाएको छ कि ? ०.५ अंक
३. कुनै सन्देशमुलक छ कि छैन ? ०.५ अंक
४. श्रोता को हो र के चाहन्छ ख्याल राखेको छकि छैन ०.५ अंक
५. मिश्रित सन्देश पो छ कि ? ०.५ अंक
७. वर्तमानकालको प्रयोग गरिएको छकि छैन ०.५ अंक
८. स्क्रिप्टले कुनै प्रभाव छाडेको छ कि छैन ०.५ अंक
९. नकारात्मक बाक्य तथा अनिश्चयार्थी शव्दको प्रयोग पो गरिएको छ कि ? ०.५ अंक
१०. लेखाईको स्वभाविक शुरुवात र अन्त्य भएको छ कि छैन ०.५ अंक

**प्रश्न नं. २ कुनै एक विषयवस्तु दिने र त्यही विषयवस्तुमा आधारित भएर इन्फोटेन्मेन्ट वा इन्टरटेन्मेन्ट मध्ये कुनै कार्यक्रम दिएर लेख्न लगाउने ।**

१. श्रोताले बुझ्न सक्ने गरी सरल भाषामा लेखियो कि लेखिएन ? कार्यक्रमको शुरुवात स्वभाविक छ कि छैन ? १ अंक
२. कार्यक्रम परिचय, प्रस्तुतकर्ताको नाम, स्टेशन परिचय, फ्रिक्वन्सी परिचय आदि उल्लेख भए भएनन् । १ अंक
३. कार्यक्रमको ढाचाअनुरुपको स्क्रिप्ट भयो कि भएन ? १ अंक
४. कार्यक्रममा कत्तिको प्रभावकारी रुपमा सन्देश राखियो ? १ अंक
५. कार्यक्रमको अन्त्य कत्तिको प्रभावकारी ढङ्गले गरियो १ अंक
६. कार्यक्रम प्रशारणको उद्देश्यअनुरुपको स्क्रिप्ट भयो कि भएन ? १ अंक
७. लक्षित समूहलाई कत्तिको ख्याल गरेको छ ? १ अंक

८. गीत समावेश भएको भए गीत छाड्नु अघिको र गीत छाडेपछिको स्क्रिप्टमा गीतको बारेमा केही भूमिका बाधियो कि बाधिएन । १ अंक
९. शव्दचयन र वाक्य गठन कत्तिको राम्रो छ आदि १ अंक
१०. समग्रमा कार्यक्रम प्याकेजिङ्ग कस्तो भयो ? १ अंक

**प्रश्न नं. ३ कुनै एउटा घटनाक्रम दिने त्यसलाई समाचारको स्वरुपमा तयार गर्न लगाउने**

१. शीर्षक, उपशीर्षक राखेको ठीकछ कि छैन १ अंक
२. न्युज एङ्गल ठीक छ कि छैन १ अंक
३. उचित लिड/ईन्ट्रो छ कि छैन १ अंक
४. अनुछेच्द/प्यारा छुट्टाएको छ कि छैन १ अंक
५. विषयवस्तु केन्द्रित भयो कि भएन १ अंक
६. महत्वपूर्ण कुरालाई मात्रै प्राथमिकता दियो कि सामान्य घटनातर्फ मोडियो १ अंक
७. लेखन शैली ठीक छ कि भद्दा भयो । १ अंक
८. लेखेको कुरा संक्षिप्त, सरल र पाठक सुहाउँदो भयो कि भएन ? १ अंक
९. घटनाको सारलाई प्रस्तुत गर्ने शैली मिल्यो कि मिलेन १ अंक
१०. समग्रमा समाचार कस्तो भयो ? १ अंक

**प्रश्न नं. ४ कुनै कार्यक्रमलाई रेकर्डिङ्ग स्टुडियोमा माईक फेस गराई कार्यक्रम सञ्चालन गर्न लगाउने *( सकेसम्म परीक्षार्थी आफैले लेखेको कार्यक्रम प्रस्तुत गर्न लगाउने)***

१. माईक फेस ०.५ अंक
२. उच्चरणका हिसावले आत्मविश्वास र वास्तविकता झल्कन्छ कि झल्कदैन ०.५ अंक
३. प्रस्तुति हार्दिक, मित्रवत र स्वागत योग्य छ कि छैन ०.५ अंक
४. प्रस्तुतिले अर्थ बोकेको छ कि छैन ? ०.५ अंक
५. प्रस्तुतिको गति कस्तो छ ? ०.५ अंक
६. प्रस्तुतिमा आरोह अवरोह मिलेको छकि छैन ? ०.५ अंक
७. प्रस्तुति निर्देशनात्मक/नक्कल गर्नेभयो कि ? ०.५ अंक
८. प्रस्तुति मौलिक छ कि छैन ? ०.५ अंक
९. प्रस्तुतिको विधि (शैली र क्रम) निर्धारण गरिएको छ कि छैन । ०.५ अंक
१०. कार्यक्रमको विषयवस्तु र उद्देश्य ख्याल गरिएको छ कि छैन ? ०.५ अंक
११. प्रस्तुति नकारात्मक प्रभाव छाड्ने खालको भयो कि ? ०.५ अंक
१२. प्रस्तुति भद्दा/दिक्कलाग्दो खालको भयो कि ? ०.५ अंक
१३. प्रस्तुतिले सुन्नेको अनुभूति र दिमागलाई घच्घचाउछ कि घच्घाचउदैन ? ०.५ अंक
१४.आफूले लेखेको कुराका कत्तिको विश्वस्त छ ०.५ अंक
१५. आफूले लेखेको कुरा आफैले पढ्न सकेन कि ०.५ अंक
१६. अस्वभाविक रुपले आत्तियो कि ०.५ अंक
१७. स्क्रिप्टको कथाले मागेअनुरुप अभिनय गर्न सक्यो सकेन आदि ०.५ अंक
१८. आफैले लेखेको कुरा पढ्दा पनि अनावश्यक शव्दहरु /थेगोहरु राख्दै लेग्रो तान्ने गऱ्यो कि आदि ०.५ अंक
१९. उच्चारणका हिसावले कत्तिको शुद्ध छ ? ०.५ अंक
२०. समग्रमा ०.५ अंक

**प्रश्न नं. ५ कुनै नेपालीमा लेखिएका अनुछेच्दहरु रेकर्ड गर्न लगाउने**

१. उच्चारण शुद्ध अशुद्ध १ अंक
२. विग्रीहालेमा सच्चाउन सक्ने खुवी कत्तिको छ १ अंक
३. पटकपटक एउटै शव्द दोहोराउछ कि १ अंक
४. आवाजको लेभल, कहिले बढी उत्तेजित, कहिले डराएको जस्तो छ कि १ अंक
५. आवाज धेरै मसिनो, धोद्रो, नाके, स्वाँस्वा आउने, प्रस्ट नछुट्टिने आदि के के कमजोरीहरु छन् ? १ अंक
६. आफ्नो आवाजअनुरुप माईकसँगको दुरी मिलेको छ कि छैन ? १ अंक
७. नक्कल गरेर प्रस्तुती गर्छ वा आफ्नै मौलिकतामा आधारित प्रस्तुति गर्छ ? १ अंक
८. शव्दको भावअनुरुप प्रस्तुती गर्न सक्यो कि सकेन आदि ? १ अंक
९. प्रस्तुतिमा कत्तिको आत्मविश्वास छ ? १ अंक
१०. समग्रमा १ अंक

**प्रश्न नं. ६ कम्प्युटर सम्बन्धी व्यवहारिक ज्ञान मूल्याङ्कन** (भर्नाको लागि न्युनतम योग्यतामा कम्प्युटर तालिम पनि उल्लेख छ ।)

यस खण्डमा परीक्षार्थीलाई कम्प्युटर सम्बन्धी सामान्य प्रश्न राखिने छ । यसमा फोल्डर खोल्न लगाउने, त्यो फोल्डरभित्र एउटा Microsoft Word File खोल्न लगाउने । जसमा नेपाली फन्टमा केही शव्द नेपाली र केही शव्द अग्रेजी दिएर टाईप गर्न लगाई सेभ गर्न लगाउने र आफ्नो नाम टाईप गरेको सो फायललाई आफ्नो इमेल ठेगानाबाट कुनै ईमेल ठेगाना दिएर त्यसमा अट्याच गरी पठाउन लगाईने छ

| | |
|---|---|
| १. डेस्कटपमा फोल्डर खोलेर त्यसभित्र ओर्ड फायल खोलेको | ०.५ अंक |
| २. ओर्ड फायल भित्र दिएको कुरालाई नेपाली फन्टमा टाइप गरेको | २ अंक |
| ३. ओर्ड फायल भित्र दिएको कुरालाई अग्रेजी फन्टमा टाइप गरेको | १ अंक |
| ४. आफ्नै इमेल ठेगानाबाट दिएको इमेल ठेगानामा फायल अट्याज गरी पठाएको | १.५ अंक |

१. प्रयोगात्मक परीक्षामा परीक्षार्थीले कार्य सम्पादन गरेको सम्पूर्ण विवरणहरुका सम्भव भएसम्म Hard/Soft Coyp प्रत्येक उम्मेदवारहरुको छुट्टाछुट्टै खाममा सिलबन्दि गरी भर्ना छनौट निर्देशनालयमा पठाउनु पर्नेछ ।

२. प्रयोगात्मक परीक्षाको अनुगमन श्री लोक सेवा आयोग वा श्री रक्षा मन्त्रालयका प्रतिनिधिबाट अनिवार्य रुपमा हुनेछ ।

# आन्तरिक प्रयोजनको लागि निर्देशनहरु

(क) लेखन शैली मुल्याङ्कन र प्रस्तुति क्षमता मुल्याङ्कन तथा कम्प्युटर सम्बन्धी व्यवहारिक ज्ञान मुल्याङ्कनका लागि छुट्टाछुट्टै खण्डमा परीक्षा लिने ।

(ख) लेखन शैली मुल्याङ्कनका लागि एकमुष्ठ १ घण्टा समय निर्धारण गर्ने ।

(ग) प्रस्तुति क्षमता मुल्याङ्कनको लागि २० मिनेट समय निर्धारण गर्ने ।

(घ) कम्प्युटर सम्बन्धी व्यवहारिक ज्ञान परीक्षाको लागि १० मिनेटको समय निर्धारण गर्ने ।

(ङ) कम्प्युटर सम्बन्धी व्यवहारिक ज्ञान मुल्याङ्कनको लागि परिक्षार्थीलाई इन्टरनेट जडान भएको कम्प्युटर उपलब्ध गराउने ।

(च) कम्प्युटर सम्बन्धी व्यवहारिक परीक्षाको लागि फायल अट्याच गरेर पठाउनु पर्ने इमेल ठेगाना प्रश्नपत्रमा नै उल्लेख गरिने छभने वर्ड फायलमा टाईप गर्ने कुरा नेपाली फन्टमा भए कम्तीमा ४० शव्दको र अग्रेजी फन्टमा भए कम्तीमा ४० शव्दसम्म दिने ।

(छ) सवै प्रश्नको उत्तर अनिवार्य गर्ने ।

(ज) परीक्षा प्राविधिक खालको भएको र मौलिकतामा आधारित भाषागत उत्तरहरु दिनु पर्ने भएकाले परीक्षार्थीलाई १० मिनेटसम्म प्रश्न अध्ययन गर्न समय दिएपछि मात्रै परीक्षा समयको गणना गर्ने ।

(झ) प्रयोगात्मक परिक्षाको मुल्याङ्कन सोही दिन मुल्याकन वोर्डले गर्ने भएको हुदा उत्तर पुस्तिका कोडिङ्ग नगर्ने तर सोही दिन उत्तर पुस्तिका जाच्न असंभव देखिएमा छनौट वोर्डले कोडिङ्ग गर्न आवश्यक ठानेमा कोडिङ्ग गर्न सकिने ।

(ञ) प्रस्तुति क्षमता मुल्याङ्कनको लागि सेनासँग भएको स्टुडियो उपलव्ध गराउने ।

(ट) प्रस्तुति क्षमता मूल्याङ्कनका लागि सकेसम्म परीक्षार्थीले नै तयार गरेको स्क्रिप्ट वाचन गर्न लगाउने ।

(ठ). प्रस्तुति क्षमता मूल्याङ्कनको लागि परीक्षार्थीले आफु तयारी भएको सकेत दिएपछि मात्रै कार्यक्रम प्रस्तुत गर्न लगाउने ।

(ड) प्रस्तुति क्षमता मुल्याङ्कनका क्रममा कार्यक्रम प्रस्तुतकर्ता (परीक्षार्थी) लाई स्टुडियो प्राविधिकसँग पहिले नै समन्वय गर्ने छुट दिने ।

(ढ) व्यवहारीक परीक्षा सञ्चालनका क्रममा कुनै नीतिगत, प्राविधिक तथा व्यवहारिक समस्या देखिएमा परीक्षा छनौट वोर्डका सम्बन्धीत विशेषज्ञ अधिकृतको निर्णय नै अन्तिम निर्णय मान्ने ।